बुदाँ नं. ९२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४४ औ कार्यपालिका बैठक(२०८२/०६/३१)**

विषयः "घ" वर्गका निर्माण व्यवसायीहरुलाई निर्माण ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०६/०१**

**१. विषयको संक्षिप्त व्यहोराः-** प्यूठान नगरपालिका आर्थिक विकास शाखामा प्राप्त निवेदन तथा ईजाजत पत्र उपलब्ध गराउन गठित छानबिन समितिको निर्णय अनुसार "घ" वर्गका निर्माण व्यवसायीहरुलाई निर्माण ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा "घ" वर्गको ईजाजत प्राप्त गर्नका लागि कागजात सहित पेश हुन आएका दरखास्त उपर छानबिन तथा सिफारिस समितिमा भएको छलफल तथा निर्णय अनुसार ईजाजत पत्र उपलब्ध गराउनु पर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** यस प्यूठान नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधी २०७४ को दफा २ को उपदफा २ अन्तर्गत अनुसूचि -५ को व्यवस्था अनुसार निर्माण व्यवसायी फर्मलाई आवश्यक पर्ने जनशक्ति औजार, उपकरण, विमा कम्पनी दर्ता, विभिन्न सम्झौता, औजार उपकरणहरुको विवरणहरुको ईजाजत पत्र उपलब्ध गराउन ईन्जिनियर श्री प्रेम नारायण पौडेलको संयोजकत्वमा गठित छानबिन तथा समितिको मिति २०८२/०३/०३ गते बसेको बैठकको निर्णयको आधारमा निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत पत्र उपलब्ध गराउने।

**४. निर्णय हुनुपर्ने व्यहोराः-** प्यूठान नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधी २०७४ को दफा २ को उपदफा २ अन्तर्गत अनुसूचि -५ को व्यवस्था अनुसार प्यूठान नगरपालिका – ७ स्थित **अनया निर्माण सेवालाई** "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउने।

**५. कार्यपालिकाको निर्णयः**
"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय प्यूठान
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश

प्रस्ताव नं.२

बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**:४ औ कार्यपालिका बैठक(२०८२/०६/३१)**

**षय:** तलबी अध्ययन विदा स्वीकृती सम्बन्धमा।

**स्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०६/२८**

**विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका ६ नं. वडा स्थित माझकोट स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.ब. श्री विनोद ोलीको तलबी अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा।

**. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:**प्यूठान नगरपालिका ६ नं. वडा स्थित माझकोट स्वास्थ्य चौकीमा कार्यरत ि.अ.हे.ब. श्री विनोद ओली (क.सं.नं.२२७३९४) ले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सामान्य चिकित्सा ार्यक्रम अन्तर्गतको स्वास्थ्य सेवा बिभाग (टि.एस.एल.सी.) कोटामा अध्ययनका लागि लिईएको परिक्षामा स्कुल अफ हेल्थ ाइन्स भरतपुर चितवनमा (३ बर्षे) सामान्य चिकित्सा (हेल्थ असिष्टेन्ट) विषय अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेको हुँदा निजलाई लबी अध्ययन विदा दिने सम्बन्धमा कार्यपालिकामा छलफल गरी तलबी अध्ययन विदा स्वीकृतीका लागि सिफारिस गर्नुपर्ने भएको

**. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** लुम्बिनी प्रदेश सरकारको स्थानीय निजामती सेवा ऐन २०८१ ो दफा ६० मा भएको व्यवस्था तथा सङ्घीय स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३२(क) बमोजिम सि.अ.हे.ब. श्री विनोद ओली क.सं.नं.२२७३९४)को अध्ययनको विषय निज हाल कार्यरत रहेको सेवा, समूह वा उपसमूहको निमित्त उपयोगी देखिएकोले ांजलाई स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा (६०), सङ्घीय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२(क) र स्वास्थ्य सेवा ायमावली, २०५५ को नियम ५३ को उपनियम (१) र (४) बमोजिम तलबी अध्ययन विदा स्वीकृतीका लागि मुख्यमन्त्री तथा ान्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्न सकिने।

**:. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिका ६ नं. वडा स्थित माझकोट स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.ब. श्री विनोद ओली (क.सं.नं.२२७३९४) लाई लुम्बिनी प्रदेश सरकारको स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ६०, सङ्घीय स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३२(क) तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ को उपनियम (१) र (४) को व्यवस्था बमोजिम स्कुल अफ हेल्थ साइन्स भरतपुर चितवनमा (३ बर्षे) सामान्य चिकित्सा (हेल्थ असिष्टेन्ट) विषय अध्ययनका लागि तलबी अध्ययन विदा स्विकृत गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने।

**:. कार्यपालिकाको निर्णय:**
**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची -२
प्रस्ताव नं.३
बुदाँ नं. १२.१ संग सम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४४ औ कार्यपालिका बैठक(२०८२/०६/३१)**

**विषय:करार** सम्झौता भएका कर्मचारीहरुको सम्झौता अवधी सम्मको लागी करार निरन्तरता गर्ने सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०६/२८**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा २०८२ श्रावण १ गते देखी पुष मसान्त सम्म करार सम्झौता गरी कार्यरत कर्मचारीहरुको करार सेवाको निरन्तरता सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयबस्तु:** यस कार्यालयको कार्यबोझलाई मध्यनजर गर्दै शिक्षा, स्वास्थ्य, प्रशासन तथा विविध सेवामा कार्यरत कर्मचारीहरुको पौष मसान्तसम्म द्वीपक्षीय सम्झौता भएको सन्दर्भमा उक्त कर्मचारीहरुको श्रावण १ देखी पौष मसान्तसम्म लागू हुने गरी १९ औ नगरसभाबाट पारित भएको निर्णय अनुसार गरिएको सम्झौता एकपक्षले रद्द गर्न सान्दर्भिक नहुने तथा नगरपालिकामा मौजुदा जनशक्ति आवश्यकता भन्दा कम भएको अवस्थामा कर्मचारीहरुको सेवा समाप्त गर्दा नगरपालिकाको सेवाप्रवाह तथा कार्यसम्पादनमा प्रतिकूल असर पर्ने हुँदा सम्झौता मिति सम्म सोही करारलाई निरन्तरता दिन उचित हुने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** नगरपालिकाको कार्यालयको आवश्यकतालाइ मध्यनजर गर्दै २०८२ पौष मसान्त सम्म करार नविकरण गरिएका करार कर्मचारीहरुको यस कार्यालयको कार्यवोझ, जनशक्तिको आवश्यकता तथा कार्यालयको प्रशासनीक पूर्वतयारी विना करारमा कार्यरत कर्मचारीहरुको सम्झौता रद्द गर्दा नगरपालिकाको सेवाप्रवाह, तथा जनशक्ति व्यवस्थापनमा पर्न सक्ने जटिलतालाई मध्यनजर गर्दै २०८२ श्रावण १ देखि करार नवीकरण गरिएका कर्मचारीहरुको २०८२ पौष मसान्त सम्म करार सेवालाई निरन्तरता दिन उचित हुने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिकाले २०८२ श्रावण १ गते देखी २०८२ पौष मसान्त सम्म कार्यालयको कार्यवोझ तथा आवश्यकता अनुसार करार सम्झौता गरिसकिएको शिक्षा, स्वास्थ्य, प्रशासन तथा विविध सेवाका अस्थायी तथा करार कर्मचारीहरुको करार सेवाका कर्मचारीहरुलाई सम्झौताको म्याद मान्य रहेको मिति(२०८२ पौष मसान्तसम्म) सेवामा निरन्तरता दिनुपर्ने ।

**५. कार्यपालिकाको निर्णय:**
**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत